E-mail: dailekhdeo@gmail.com
☎ ०८९-४१०१११

निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय
# दैलेख ।

प.सं.: २०७९/०८०
च.नं.: ९०

मिति: २०७९/०५/०१

श्री जिल्ला स्थित स्थानीय तह (सबै)
दैलेख

<u>विषयः सूचना टाँस गरिदिने सम्बन्धमा।</u>

उपरोक्त सम्बन्धमा स्थानीय तह निर्वाचन, २०७९ का उम्मेदवारहरुको निर्वाचन खर्च सार्वजनिक सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ उक्त सूचना तहाँ पालिकाको कार्यालय तथा तहाँ पालिका अन्तर्गतका वडा कार्यालयहरुको सूचना पार्टीमा टाँस गर्ने व्यवस्था मिलाई सो को जानकारी पठाइदिनहुन सादर अनुरोध छ ।

२०७९/०५/०१

मनमाया काउचा
जिल्ला निर्वाचन अधिकारी

मतदाता नामावलीमा नाम दर्ता गरौं, आफ्नो मताधिकार सुनिश्चित गरौं ।

निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय
# दैलेख ।

E-mail: dailekhdeo@gmail.com
☎ ०८९-४१०१११

**स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुले खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रकाशन मिति २०७९/०५/०१

स्थानीय तहको निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुलाई निर्वाचनमा भएको खर्चको विवरण निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र सार्वजनिक गरी सोको जानकारी जिल्ला निर्वाचन कार्यालय दैलेखमा उपलब्ध गराई दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्ने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेबसाईट **www.election.gov.np** र जिल्ला निर्वाचन कार्यालय, दैलेखको सूचना पार्टीमा टाँस गरिएको हुँदा आयोगको वेबसाईट र सूचना पार्टीमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७९/०५/०१

मनमाया काउचा
जिल्ला निर्वाचन अधिकारी

E-mail: dailekhdeo@gmail.com
☎ ०८९-४१०१११

निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय
# दैलेख ।

**स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रकाशन मिति २०७९/०५/०१

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र बुझाउने पर्ने तथा स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ ।

स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो ? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाइहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र जिल्ला निर्वाचन कार्यालय दैलेखमा पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने सम्बन्धित स्थानीय तहका उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेबसाईट www.election.gov.np मा र जिल्ला निर्वाचन कार्यालय दैलेखको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाईटमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७९/०५/०१

मनमाया काउचा
जिल्ला निर्वाचन अधिकारी